# मोदी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय
पातिचौर, पर्वत
गण्डकी प्रदेश, नेपाल

## ढुङ्गा, वालुवा, गिट्टी, रोडाको कर तथा बिक्री शुल्क उठाउने ठेक्का बन्दोवस्तसम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वनको सूचना ।

*दोस्रो पटक प्रकाशित मिति २०७९।०९।२४ गते*

मोदी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयबाट स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-३, दफा -११ (घ) बमोजिम चालु आ.व. २०७९।८० का लागि तपशिल बमोजिमका नदिजन्य पदार्थ ढुङ्गा, वालुवा, गिट्टी, रोडाको आय सङ्कलन ठेक्का पट्टाको माध्यमबाट गर्नुपर्ने भएकोले ठेक्का पट्टा गर्नका लागि योग्य फर्म वा कम्पनीले तपशिलमा उल्लेखित मिति र समयभित्र यस कार्यालयमा सिलबन्दी दरभाउपत्र फारम खरिद वापत तोकिएको रकम (फिर्ता नहुने गरी) बुझाई सिलबन्दी दरभाउपत्र फारम यस कार्यालयबाट खरिद गरि मू.अ. कर सहितको कुल कबोल रकम को ५ प्रतिशत (पाँच प्रतिशत) ले हुन आउने रकम धरौटी स्वरुप यस कार्यालयको नाममा नेपाल बैङ्क लिमिटेड मोदी शाखामा रहेको खाता न. ३२६००००३००१०००००१ मा जम्मा गरेको सक्कलै बैङ्क भौचर वा कम्तिमा ७५ दिन म्याद भएको वाणिज्य बैङ्क वा वित्तिय संस्थाले यस कार्यालयको नाममा जारी गरेको बैङ्क ग्यारेन्टी संलग्न राखी सिलवन्दी दरभाउपत्र पेश गर्न सकिने गरि यो आन्तरिक आय सङ्कलन सम्वन्धी सूचना प्रकाशित गरिएको छ ।

तपशिल

| ठेक्का न. | वडा न. | बगरको नाम | उत्खनन हुने अधिकतम परिमाण घ.मी. | न्युनतम रकम कर वाहेक (रु.) | सिलब्दी दरभाउपत्र दस्तुर | सिलबन्दी दरभाउपत्र खरिद गर्ने अन्तिम मिती र समय | सिलबन्दी दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति र समय |
|---|---|---|---|---|---|---|---|
| 01/MRM /BAGAR/079-80 | ३, ५ | टिमुरे बगर, पाउँदुर खेत बगर, पातिखोला | ८५२।०० | २१०४५४.९६ | १००० | २०७९।१०।०९ समय: ०४:०० बजे सम्म | २०७९।१०।१० समय १२:०० बजे सम्म |
| 02/MRM /BAGAR/079-80 | ३, ५ | काक्रा बगर, धमिनी बगर पातिखोला | ३४०२.०० | ८४०३३७.७६ | १००० | २०७९।१०।०९ समय: ०४:०० बजे सम्म | २०७९।१०।१० समय १२:०० बजे सम्म |
| 03/MRM /BAGAR/079-80 | ३, ५ | ज्यामिरे कमेरे वगर, पातिखोला | ४७००.०० | ११६०९६०.४६ | १००० | २०७९।१०।०९ समय: ०४:०० बजे सम्म | २०७९।१०।१० समय १२:०० बजे सम्म |
| 04/MRM /BAGAR/079 80 | २, ३, ५ | ढाँड वगर, बौर बगर, अम्बोट वगर पातिखोला | २३१७.५० | ५७२४५२.३१ | १००० | २०७९।१०।०९ समय: ०४:०० बजे सम्म | २०७९।१०।१० समय १२:०० बजे सम्म |
| 05/MRM /BAGAR/079-80 | ६ | सिम्ले बगर , रतिखोला | १०५०.०० | २५९३६३.५१ | १००० | २०७९।१०।०९ समय: ०४:०० बजे सम्म | २०७९।१०।१० समय १२:०० बजे सम्म |
| 06/MRM /BAGAR/079 80 | ६ | ठाडाखोला बगर, बगुवा बगर / सिमलदाले बगर रतिखोला | १०७४.०० | २६५२९१.८२ | १००० | २०७९।१०।०९ समय: ०४:०० बजे सम्म | २०७९।१०।१० समय १२:०० बजे सम्म |
| 07/MRM /BAGAR/079-80 | ६ | लिदीखोला बगर / शेरा पुच्छर बगर रतिखोला | २०७९.०० | ५१३५३९.७४ | १००० | २०७९।१०।०९ समय: ०४:०० बजे सम्म | २०७९।१०।१० समय १२:०० बजे सम्म |
| 08/MRM /BAGAR/079-80 | ६ | निउरेनी खरिबोट बगर, रिठाबट माईको थान बगर रतिखोला | १२७६.५० | ३१५३११.९२ | १००० | २०७९।१०।०९ समय: ०४:०० बजे सम्म | २०७९।१०।१० समय १२:०० बजे सम्म |

**शर्त तथा बन्देजहरु**

१. खरिद भएका सिलबन्दी दरभाउपत्रहरुको प्रत्येक पानामा सहिछाप र खाम सिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगना र ठेक्काको नाम लेखि माथि उल्लेखित मिती र समय भित्र आवश्यक कागजातहरु फर्म दर्ता प्रमाण पत्र, प्रतिलिपि, ठेक्का पट्टाको कार्य गर्न जारी नविकरण भएको ईजाजत पत्रको प्रमाणित फोटोकपी मू.अ.कर दर्ता प्रमाण पत्रको प्रमाणित फोटोकपी, करचुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि ०७८/७९ सम्म वा म्याद थपको प्रमाण पत्र सहित खामबन्दी गरि यस कार्यालयमा सिलबन्दी दरभाउपत्र पेश गर्न सकिने छ । दर्ता हुन आएका सिलबन्दी दरभाउपत्रहरु सूचना दोस्रो पटक प्रकाशन भएको मितिले १६ औ दिनको ०२:०० बजे यस कार्यालयमा सिलबन्दी दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहोबरमा खोलिने छ । सिलबन्दी दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि सो सिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

२. ठेक्का स्वीकृत पश्चात तोकिएको समय भित्र सम्झौता हुनु पुर्व कबोल रकमको कम्तिमा ५० प्रतिशत कर सहितको रकम सम्झौता गर्न आउँदा यस कार्यालयको खातामा जम्मा गरिसकेको हुनुपर्ने छ । ५० प्रतिशत रकमको हकमा कार्य सम्पादन जमानत उपलब्ध गराउन मान्यता प्राप्त, वाणिज्य बैङ्क वा वित्तिय संस्थाबाट यस कार्यालयको नाममा जारी गरिएको २०८० असार मासान्त सम्म म्याद भएको कार्यसम्पादन जमानत पेश गर्नु पर्ने छ । उक्त कार्य सम्पादन जमानत बराबरको रकम २०७९ फागुन मसान्त भित्रमा यस कार्यालयको खातामा जम्मा गरिसक्नु पर्नेछ ।

३. यस सूचना अनुरुप नदिजन्य पदार्थको कर तथा बिक्री शुल्क रतिखोला र पातिखोलामा मिती २०८० जेष्ठ मसान्तसम्म उठाउन पाइने छ ।

४. नदीजन्य पदार्थ निकासी गर्दा राष्ट्रिय र सहायक राजमार्गलाई असर पर्ने गरी सडक निर्माण गर्न पाइने छैन र असर नपर्ने गरि निर्माण गर्नु परेमा निर्माण गर्दा लाग्ने खर्च सिलबन्दी दरभाउपत्रदाता स्वयंले व्यहोर्नु पर्नेछ ।

५. ढुङ्गा, ग्राभेल, गिट्टी, रोडा, थोकर, वालुवा आदि उत्खनन एवं सङ्कलन कार्यमा मेशिन प्रयोग गर्न निषेध गरिएको छ ।

६. सिलबन्दी दरभाउपत्रका सम्बन्धमा थप केही बुझ्न परेमा कार्यलय समयमा राजस्व शाखामा सम्पर्क गरी बुझ्न सकिने छ । साथै विस्तृत विवरण सिलवन्दी दरभाउपत्र फारम साथ उपलब्ध गराइने छ ।

७. स्वीकृत प्रारम्भिक वातावरणिय परिक्षण (IEE) प्रतिवेदनमा उल्लेखित विषयहरु पालना गर्नुपर्ने शर्तहरु जोखिम न्युनिकरणका लागि तोकिने मापदण्डहरु प्रत्येक क्षेत्रबाट उठाउन सकिने प्राकृतिक स्रोत ढुङ्गा, ग्राभेल, गिट्टी, रोडा, थोकर वालुवाको परिमाण समेतका विषयहरु साँही (IEE) प्रतिवेदनले निर्दिष्ट गरे बमोजिम हुनेछन् तिनको पालना गर्नु सिलबन्दी दरभाउपत्रदाताको कर्तव्य हुनेछ ।

८. सिलबन्दी दरभाउपत्र खरिद वा दाखिलाको अन्तिम दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्टलाई अन्तिम दिन मानिने छ ।

९. सिलबन्दी दरभाउपत्र पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने अधिकार कार्यालयमा निहित रहनेछ ।कार्यालयले आवश्यक ठानेमा जुन सुकै चरणमा पनि आंशिक वा पुरै सिलबन्दी दरभाउपत्र प्रक्रिया रद्द गर्न सक्नेछ यसमा उल्लेख नभएका अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ । नेपाल सरकार प्रदेश सरकार र गाउँपालिकाले समय समयमा दिएका निर्देशनहरु पालना गर्नु सिलबन्दी दरभाउपत्रदाताको कर्तव्य हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

CamScanner